VAT No.: 301821526
REG No.: 32183/061/62

BIOMED INTERNATIONAL

मिति: २०८३/०१/१७

श्री सम्पादकज्यू,
**श्री स्वास्थ्य खबर**
काठमाडौं ।

विषय: एकतर्फी समाचार खण्डन गर्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा तपाई सम्पादक रहेको स्वास्थ्य खबर मिति २०८३/०१/१४ गते प्रकाशित **"उमेश अग्रवाल नेतृत्वको बायोमेडद्वारा मुटुको शल्यक्रिया गर्ने औजारमा बदमासी"** शीर्षकको समाचारप्रति हाम्रो कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त समाचारमा हाम्रो कम्पनी तथा कम्पनीको सञ्चालक समितिका अध्यक्षलाई व्यक्तिगत रूपमा जोडेर लगाइएका सम्पूर्ण आरोपहरू पूर्णत: तथ्यहीन, भ्रामक, कपोलकल्पित तथा एकतर्फी रहेको हुँदा यस सम्बन्धमा एकतर्फी समाचार रहेको जानकारी गराउँदछौं ।

उक्त समाचार प्रकाशन गर्दा देहायका तथ्यहरूलाई नजरअन्दाज गरी हाम्रो कम्पनीको संस्थागत छविमा गम्भीर आँच पुर्याउने कार्य त्यहाँबाट भएको छ । त्यसमा प्रकाशित उक्त समाचार कुनै ठोस प्रमाणमा आधारित नभई, हाम्रो कम्पनीको भनाई वा खण्डनलाई स्थान नै नदिई नितान्त एकतर्फी रूपमा प्रकाशित गरिएको छ । जिम्मेवार पत्रकारिताको न्यूनतम मान्यता र तथ्यगत पुष्टिको सिद्धान्तलाई यस समाचारले ठाडो उल्लङ्घन गरेको छ । (समाचारमा उल्लेख गरिएको सम्झौता र काम कारबाहीसँग सम्बन्धित विषयवस्तु हाल सम्मानित अदालतमा रिट निवेदन मार्फत विचाराधीन अवस्थामा रहेको छ । सम्मानित अदालतबाट यस विषयमा अन्तिम न्यायिक निरूपण नभएसम्मका लागि सञ्चारमाध्यमले एकतर्फी रूपमा फैसला सुनाएझैं गरी समाचार सम्प्रेषण गर्नु गैरकानुनी र अदालतको अवहेलनाजन्य कार्य हो ।

सम्मानित अदालतबाट कुनै पनि न्यायिक निरूपण नभएको अवस्थामा, सञ्चारमाध्यमले आफैं न्यायाधीश बनेर हाम्रो कम्पनीलाई 'ठग', 'बदमासी गर्ने' वा धोखाधडीमा संलग्न भएको भनी अनुचित बिल्ला भिराउनु पूर्णत: गैरकानुनी र पत्रकार आचारसंहिताको गम्भीर उल्लङ्घन हो । हामी यस्ता सम्पूर्ण आधारहीन आरोपहरूको कडा शब्दमा खण्डन गर्दछौं । हामीले प्रचलित कानुन र सम्झौताको परिधिभित्र रही कार्य गरिरहेका छौं र कुनै पनि प्रकारको ठगी वा धोखाधडीमा हाम्रो संलग्नता छैन ।

हाम्रो जानकारीमा आएको तथ्यअनुसार, स्वास्थ्य खबर पत्रिकासँग आबद्ध व्यक्ति अनिल न्यौपाने (नेक्स्ट मेडिटेक प्रा.लि.का संचालक) हाल हाम्रो कम्पनी बायोमेड इन्टरनेशनल प्रा.लि.सँग काठमाण्डौं जिल्ला अदालतमा मुद्दा नं. ०८२-CP-३४५० (दर्ता मिति: २०८२-०८-२३, मुद्दाको किसिम: रकम दिलाई भराई पाउँ) मा प्रतिबादीको रूपमा रहनुभएको छ। उक्त मुद्दा हाल चालु अवस्थामा रहेको छ र सो मुद्दामा अनिल न्यौपाने तथा नेक्स्ट मेडिटेक प्रा.लि.बाट हाम्रो कम्पनीलाई ठूलो रकम भराईपाउँ भन्ने दाबी रहेको छ ।

Biomed International Pvt. Ltd.

यस परिस्थितिमा, उक्त समाचार प्रकाशन गर्नुको वास्तविक उद्देश्य हाम्रो कम्पनीविरुद्ध सञ्चालित न्यायिक कार्यवाहीमा हाम्रो स्थितिलाई कमजोर पार्न र जनमानसमा भ्रामक धारणा निर्माण गरी व्यक्तिगत आर्थिक स्वार्थ पूरा गर्ने नियतले प्रेरित भएको देखिन्छ। यो कार्य पत्रकार आचारसंहिता २०७३ को दफा ५(२) को प्रत्यक्ष उल्लङ्घन हो, जसमा स्पष्ट व्यवस्था छ कि पत्रकार तथा सञ्चारमाध्यमले "त्रसित पार्ने, धम्क्याउने, अनुचित आर्थिक फाइदा उठाउने, व्यक्तिगत स्वार्थपूर्ति गर्ने/कसैलाई अनुचित लाभ वा हानि पुर्याउने नियत राखी पत्रकारिताको पेशागत मर्यादा प्रतिकूल कार्य गर्नुहुँदैन।" त्यसैगरी दफा ५(२)(३) अन्तर्गत पत्रकार परिचयपत्र वा सञ्चारमाध्यमको अनुमतिपत्रलाई व्यक्तिगत स्वार्थ वा अवाञ्छित कामका लागि प्रयोग गर्न निषेध गरिएको छ।

माथि उल्लेखित तथ्यहरूबाट स्पष्ट हुन्छ कि यो समाचार स्वतन्त्र पत्रकारिताको उपज होइन, बरु मुद्दाका प्रतिवादी (सञ्चारमाध्यमका स्वामी/संचालकसँग आबद्ध व्यक्ति) को व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्यले प्रेरित, प्रतिशोधात्मक र प्रवृत्तिगत रूपमा पत्रकारिताको आवरण ओढाइएको दुरुपयोगपूर्ण कार्य हो।

तसर्थ, सञ्चारमाध्यमद्वारा पत्रकार आचारसंहिता २०७३ को दफा ४ (३), ४(६), ४(१०) तथा ४ (१४) को पालना नगरेको तथा दफा ५(२)(२), ५(२)(३) र दफा ५(५) बमोजिम गर्न नहुने कार्य गरेको स्पष्ट देखिएको हुँदा, उक्त समाचार यथाशीघ्र हटाउन, हाम्रो कम्पनीका प्रमुख कार्यकारी अधिकृतको फोटो हटाउन, र यथाशिघ्र खण्डन प्रकाशित गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

भवदीय,

Biomed International Pvt. Ltd

**उमेश कुमार अग्रवाल**
अध्यक्ष, संचालक समिति
बायोमेड इन्टरनेशनल प्रा. लि.